# क्षमता विकास योजना

**(Capacity Development Plan)**

(आ.व. २०७८/७९-२०८०/८१)

त्रिपुरासुन्दरी गाउँपालिका

धादिङ्ग

असार २०७८

**क्षमता विकास योजनाको  तयारीमा आर्थिक तथा प्राविधिक सहयोग**

*त्रिपुरासुन्दरी गाउँ पालिकाको क्षमता विकास योजना प्रदेश सुशासन केन्द्र, बागमती प्रदेशको आर्थिक सहयोग तथा स्मार्ट प्राइभेट लिमिटेड, अनामनगर, काठमाडौंको प्राविधिक सहयोगमा तयार गरिएको छ ।*

# शब्द संक्षेप

| | |
|---|---|
| आ.ब. | आर्थिक बर्ष |
| कि.मि. | किलोमिटर |
| गा.वि.स. | गाउँ विकास समिति |
| गा.पा. | गउँपालिका |
| गै.स.स. | गैरसरकारी संस्था |
| न.पा. | नगरपालिका |
| मि. | मिटर |
| वि.सं. | विक्रम सम्वत |
| रु. | नेपाली रुपैयाँ |
| CBS | Central Bureau of Statistics |
| NPSAS | Nepal Public Sector Accounting Standard |
| SuTRA | Sub-national Treasury Regulatory Application |

# विषय सूची


| | |
|---|---|
| कार्यकारी सारांश | ५ |
| परिच्छेद- १ | ६ |
| परिचय | ६ |
| १.१. पृष्ठभूमि | ७ |
| १.२. गाउँपालिकाको संक्षिप्त परिचय | ८ |
| १.३. क्षमता विकास योजनाको लक्ष्य तथा उद्देश्य : | ९ |
| १.४. क्षमता विकास योजनाको औचित्य | ११ |
| १.५. अपेक्षित प्रतिफल | ११ |
| १.६. प्रयुक्त विधि र प्रकृया | १२ |
| १.७. अध्ययनका सीमाहरु | १३ |
| परिच्छेद- २ | १४ |
| सन्दर्भ सामग्री पुनरावलोकन | १४ |
| २.१. संविधान, ऐन, नीति नियम, कार्यविधि एवं कार्य विस्तृतीकरणको अध्ययन | १४ |
| २.२. वार्षिक नीति तथा कार्यक्रमहरुको अध्ययन | १४ |
| परिच्छेद ३ : | १५ |
| क्षमता विकासको आवश्यकता पहिचान र विश्लेषण | १५ |
| ३.१. क्षमता आवश्यकता पहिचान | १५ |
| ३.२. त्रिपुरासन्दरी गाउँपालिकाको सवल र कमजोर पक्षको बिश्लेषण | १५ |
| ३.३. क्षमता विकास लेखाजोखा | १८ |
| ३.४. पालिकाको क्षमता विकासका रणनीतिहरु | ४६ |
| परिच्छेद ४ | ४७ |
| क्षमता विकास योजना | ४७ |
| ४.१. क्षमता विकास योजना | ४७ |
| परिच्छेद ५ | ५४ |
| निचोड, अनुगमन तथा मुल्यांकन व्यवस्था | ५४ |
| ५.१. निचोड | ५४ |
| ५.२. अनुगमन | ५४ |
| सन्दर्भ सामग्री | ५७ |
| अनुसूचीहरु | ५८ |
| अनुसूची- १ | ५८ |
| क्षमता बिकास कार्यकममा भएको छलफल कार्यक्रमको उपस्थिति | ५८ |
| अनुसूची- २ | ५९ |
| क्षमता विकास योजनाको छलफल कार्यक्रमको फोटो | ५९ |

# कार्यकारी सारांश

नेपाल राज्यको संबैधानिक व्यबस्था अनुसार स्थानीय सरकार भनेको स्थानीय जनताबाट निर्वाचित भई स्थानीयस्तरमा शासन व्यबस्था संचालन गर्ने जन प्रतिनिधिमुलक संस्थाको स्वरुपमा रहेको स्थानीय तह हो । तसर्थ, त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ्गको तीन आर्थिक वर्षको लागि क्षमता विकास योजना तर्जुमा गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि, २०७७ मा तोकिएका शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, बार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायीक कार्य सम्पादन, भौतिक पुर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र सहकार्य र समन्वय गरी स्वमल्याङ्कनका १० (दश) वटा क्षेत्रसमेत आधार लिइएको छ । यो क्षमता विकास योजनाले क्षमताको स्वमुल्याङ्कन कार्यविधिमा उल्लेखित सुचकहरुमा त्रिपुरासुन्दरी गाउँपालिकाले अति उत्तम अंक हासिल गर्न सक्षम हुनेछ ।

पालिकाको क्षमता विकास योजना तयार गर्दा विभिन्न चौविस वटा उपक्षेत्रहरु समेटी प्रश्नावली तयार गरिएको थियो । इन्टरनेट, टेलिफोन , स्थलगत भ्रमण, तथा प्रत्यक्ष भेटघाट र अन्तरक्रियाको माध्यमबाट भएका प्राप्त भएका तथ्यांक, जानकारी एवं सूचना र अन्य स्रोतबाट लिइएको विवरणको आधारमा क्षमता विकास योजना तर्जुमा गरिएको छ ।

क्षमता विकासका विभिन्न क्रियाकलापहरु एक अर्कामा परिपुरक र परिपोषक हुने भएकाले प्रदेश सुशासन केन्द्रले तयार गरेको आफ्नो वार्षिक कार्यक्रमको जानकारी पालिकाले लिई ति क्रियाकलापहरुसँग यो योजनामा लेखिएका क्रियाकलापहरु भिडान गरी सुशासन केन्द्रसँग सहकार्य र समन्वय गरी पालिकाको कार्य क्षमता वृद्धिमा योगदान दिनु पर्नेछ । प्रश्नावलीको तयारीमा गाउँ पालिकाको भौतिक तथा पुर्वधार विकास, प्रशासकीय प्रणाली तथा सुशासन , संगठनात्क संरचना, आर्थिक विकास, सामजिक विकास आदि पक्षलाई ध्यान दिइएको छ ।

स्रोत र साधन यथेष्ट नभएकोले क्षमता विकास क्रियाकलापलाई प्रथम, द्बितिय र तृतिय प्राथमिकतामा वर्गिकरण गरिएको छ । प्रथम प्राथमिकता अन्तर्गत प्रस्ताव गरिएका क्रियाकलापहरु कार्यान्वयन गर्न पालिका आफैले स्रोतको जगेर्ना गर्न प्रत्येक वर्ष तयार हुने गरेको वार्षिक योजना तथा कार्यक्रममा ती क्रियाकलापहरु अनिवार्य रुपमा राख्न सुझाव दिइएको छ । त्यसैगरी, दोस्रो र तेस्रो प्राथमिकतामा रहेका क्रियाकलापहरुका लागि विभिन्न साझेदारहरु खोजी गर्न सकिन्छ ।

# परिच्छेद- १
# परिचय

क्षमता भन्नाले कुनै व्यक्ति संस्था, निकाय वा संगठनको कुनै काम गर्न गराउन सक्ने काम, कर्तव्य, अधिकार, जिम्मेवारी हो, जस अनुसार सुरुका सामान्य अवस्थाबाट विस्तारै-विस्तारै बढ्दै सहज विकास र सुधार हुँदै जानेछ । विकासलाई अन्य विषयसँग जोडेर हेर्ने गरिन्छ । जस्तैः आर्थिक विकास, सामाजिक विकास, संस्थागत विकास, प्रणालीगत विकास, मानव संशाधन, भौतिक पूर्वाधार विकास इत्यादि । कुनै पनि प्रणाली, स्थान, व्यक्ति तथा बस्तुको सुधारिएको अवस्था नै विकास हो भने मानवीय आवश्यकता तथा जीवनको गुणस्तर सुधार्न चालिने कदम पनि विकास हो । त्यसैले, कर्मचारी वा पदाधिकारीले आफ्नो काम सम्पादन गर्न आवश्यक पर्ने प्रणाली, भौतिक बस्तु, संस्थागत तथा संरचनागत पक्ष, संचालन क्षमताको अभिवृद्धि गर्नु नै क्षमता विकास हो । क्षमता विकासलाई योजनाबद्ध गर्नु पर्दछ । यहाँ योजना भन्नाले कुनै कुराको अठोट गरी सो को कार्यान्वयनमा अनुशासनमा बस्ने प्रकृयालाई जनाउछ । तसर्थ, क्षमता विकास योजना भित्र दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य एवं कार्यनीति पर्दछन् । योजनाको तर्जुमा गर्दा यस गाउँपालिकाले तयार गरेको दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य एवं कार्यनीति लाई सम्बोधन गर्ने प्रयास भएको छ ।

क्षमता विकास एउटा प्रकृया हो । जसबाट व्यक्ति, संगठन, सेवाग्राही र समाजले कार्यसम्पादन क्षमताको प्राप्ति सुदृढ र जगेर्ना गर्दछन् । प्रस्तुत अध्ययन धादिङ्ग जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिकाको क्षमता विकाससँग केन्द्रित रही देहायका निर्दिष्ट (Specific) उद्देश्यहरु प्राप्त गर्नका लागि यो क्षमता विकास योजना तर्जुमा गरिएको छ ।

- संविधान र प्रचलित कानुनहरुबाट प्राप्त अधिकार अनुरुप जनउत्तरदायीपूर्ण ढंगबाट कार्य सम्पादन गर्नका लागि त्रिपुरासुन्दरी गाउँपालिकाको सवल र कमजोर पक्षहरुको पहिचान गर्ने ।
- स्थानीय सरकारलाई प्राप्त अधिकार र जिम्मेवारीहरु दक्षताका साथ सम्पादन गर्न जननिर्वाचित पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारी, उपभोक्ता समिति लगायत स्थानीय विकासका सरोकारवालाहरुको कार्य दक्षता वृद्धि गर्न तथा नतिजामुखी कार्य प्रकृया अवलम्बन गर्न सहयोग पुऱ्याउने ।
- प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप र विद्यमान क्षमता बीचको अन्तराल पहिचान गरी आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- सेवा प्रवाहमा चुस्तदुरुस्त ल्याउन तथा स्थानीय विकास निर्माणको कार्य र सो को व्यवस्थापनमा उपयोगी तथा दिगो बनाउन आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि र प्रणालीको प्रयोग र अनुशरण गर्ने ।

- भौतिक अवस्था, मानव संशाधन तथा संस्थागत विकासका क्षेत्रमा देखिएका कमजोर क्षेत्रहरु पहिचान गरी क्षमता विकास कार्यक्रमलाई प्रकृयागत आधारमा प्राप्ती, संचालन, विकास , कार्यान्वयन तथा प्रणालीका अबलम्बन गर्दै जानु पर्ने ।
- क्षमता विकास योजनामा मानव संशाधन, संस्थागत विकास र प्रणाली विकासका क्षेत्रहरु अन्तर्गत गरिनु पर्ने न्यूनतम कार्यहरुको प्राथमिकता अनुसार लगानी गर्नु पर्ने ।

## १.१. पृष्ठभूमि

नेपालको संविधान को धारा ५६ (१) ले नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरिएको छ । जस अनुरुप स्थानीयस्तरदेखि नै जनतालाई सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकुल वातावरण वनाई मुलुकको शासन व्यवस्थामा जनताको सहभागिता प्रर्वद्धन गर्न र स्थानीयस्तरमा नै सहज रुपमा जनतालाई सेवा उपलव्ध गराई जनताको नजिकको र भरपर्दो संयन्त्र बन्ने अवसर प्रदान गरेको छ । यसबाट लोकतन्त्रको संस्थागत विकास गर्न र अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्तताको अवधारणालाई मुर्त रुप दिइएको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहहरुलाई स्थानीय स्वायत्त शासनको मर्म अनुरुप स्थानीय विकास, सेवा प्रवाह र स्थानीय नेतृत्वको लागि अधिकार र जिम्मेवारीको व्यवस्था गरेको छ । उक्त जिम्मेवारीलाई वहन गर्न विकासलाई समावेशी, सहभागितात्मक र समतामूलक बनाउन स्थानीय तहहरुको क्षमतामा विकास हुनु अनिवार्य छ । रुपान्तरणकारी, दक्ष, सबल र सक्षम स्थानीय तहहरु बाट मात्र स्थानीय क्षेत्रको विकास, प्रभावकारी सेवा प्रवाह र स्थानीय सुशासनमा गुणात्मक परिवर्तन ल्याउन सम्भव छ । स्थानीय विकास तथा सेवा प्रवाह सम्बन्धि नयाँ अवधारणा, सोच, अभ्यासहरु तथा स्थानीय तहहरुको अधिकार तथा जिम्मेवारीमा वढोत्तरी र नीति नियममा समेत आएका युगान्तकारी परिवर्तन र समयको मागलाई सम्बोधन गर्न सक्ने स्थानीय तह बनाउनु पनि आजको माग हो । यसर्थ, हाल कार्यान्वयनमा रहेका क्षमता विकास सम्बन्धी रणनीति र कार्यक्रमहरुको समिक्षा गरी परिष्कृत एवं परिमार्जित उद्धेश्य, रणनीति, कार्यक्रम तथा लेखाजोखाको विश्लेषणबाट योजनाको तर्जुमा गरी प्रक्रियागत तरिकाले प्रभावकारी रुपमा कार्यान्वयन गर्ने यस क्षमता विकास योजनाको पहिलो उद्देश्य रहेको छ ।

विगतमा स्थानीय तहहरुको क्षमता विकासको लागि स्थानीय विकास मन्त्रालय, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान तथा अन्तर्गतका निकायहरु, स्थानीय तह संघ/महासंघ, दातृ निकायहरु साथै स्थानीय तहहरुको आफ्नै प्रयासबाट क्षमता विकासका विभिन्न प्रयासहरु हुँदै आएका पनि छन् । तर त्यस्ता प्रयासहरु योजनाबद्ध, व्यवस्थित, गुणात्मक र प्रणालीगत तरिकाले सम्पादन हुन सकिरहेको अवस्था देखिदैन । यस तथ्यलाई मनन् गरी स्थानीय स्तरमा सेवा प्रवाह र स्थानीय विकासमा गुणात्मक सुधार गर्न क्षमता विकास सम्बन्धी कार्यक्रमहरु एकीकृत रुपमा तर्जुमा र संचालन गर्न स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ बमोजिम त्रिपुरासुन्दरी गाउँपालिकाको सेवा प्रवाह तथा स्वशासनमा साझेदारहरुको सहभागिता समेतमा यो क्षमता विकास योजना तयार

गरिएको छ । क्षमता विकास योजना तर्जुमाका चरण, विधि तथा प्रक्रियाका साथसाथै प्रस्तावित कार्यक्रम तथा क्रियाकलापहरु, लक्ष्यहरु, श्रोत तथा साधन, जिम्मेवारी र समयतालिका क्षमता विकास योजनाको संभावना तथा समस्या तथा चुनौतीलाई समेटेर यो प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहहरुको क्षमता विकासका लागि आपूर्ति भन्दा पनि आवश्यकता र मागमा आधारित क्षमता विकासको अवधारणा अबलम्बन गरिएको छ । यसो गर्नुको पछाडि यो पालिकाले भविष्यमा सम्पादन गर्नुपर्ने कार्यहरुलाई समेत आँकलन गर्ने प्रयासलाई समेत दर्शाइएको छ । स्थानीय तहहरूले जनतालाई प्रदान गर्ने सार्वजनिक सेवा तथा सुविधाहरू बढी प्रभावकारी बनाउन पालिकाको क्षमतामा अभिवृद्धि गर्ने कार्यमा आपूर्तिमा आधारित क्षमता विकास कार्यक्रमहरु केन्द्रित रहेका छन् भने मागमा आधारित क्षमता विकासका कार्यक्रमहरू पालिका र सरोकारवालाहरुको आफ्नै विशेषताको आधारमा देखिएका क्षमताको आवश्यकतालाई सम्बोधन गरिएको छ । आपूर्तिमा आधारित क्षमता विकास कार्यक्रमहरु लागु गर्न पालिकाले बढी अनुदान प्राप्त गर्ने कुराहरुमा केन्द्रित गर्ने प्रयास गरिएको छ । आपूर्तिमा आधारित क्षमता विकास कार्यक्रमहरु लागु गर्न पालिकाले बढी अनुदान प्राप्त गर्ने कुराहरुमा केन्द्रित गर्ने प्रयास गरिएको छ ।

## १.२. गाउँपालिकाको संक्षिप्त परिचय

त्रिपुरासुन्दरी गाँउपालिका बाग्मती प्रदेश अन्तर्गत धादिङ्ग जिल्लामा पर्दछ । यस गाउँपालिकाको नामाकरण साबिकको सल्यानकोट गा.वि.स मा रहेको प्रसिद्ध मन्दिर त्रिपुरासुन्दरी माईको नामबाट नामाकरण गरिएको हो । यस गाउँपालिकाका वासिन्दाहरु विशेष गरि कृषि पेशामा निर्भर रहेका छन् भने केहि मात्रामा सरकारी सेवा, व्यपार-व्यवसाय, वैदेशिक रोजगार, सिकर्मी तथा डकर्मी पेशामा निर्भर रहेका छन् ।

### १.२.१. भौगोलिक अवस्थिति

त्रिपुरासुन्दरी गाँउपालिकामा जम्मा सात वटा वडाहरु रहेका छन् । जिल्ला सदरमुकाम धादिङ्गबेसि बाट ३० किलोमीटर उत्तरपश्चिम तर्फ अवस्थित यस गाउँपालिका, ८४.३६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ ।

### १.२.२. राजनीतिक एवं प्रशासनिक विभाजन

राज्यको पुनरसंरचनासंगै वि.स. २०७३ सालमा साबिकको जम्मा पाँच ओटा गाविसहरु (सल्यानटार, आगिन्चोक, मुलपानी, सल्यानकोट र त्रिपुरेश्वर) समाबेश गरी नेपाल सरकारबाट त्रिपुरासुन्दरी गाउँपालिकाको रुपमा स्थापना भएको हो भने गाउँ कार्यपालिकाको कार्यालय साबिकको सल्यानटार गा.वि.स. भवनमा रहेको छ । यस गाउँ कार्यपालिकाको पूर्वमा नेत्रावती र गंगाजमुना गाउँपालिका, पश्चिममा गोर्खा जिल्ला, उत्तरमा गंगाजमुना गाउँपालिका र दक्षिणमा ज्वालामुखी, नेत्रावती गाउँपालिका तथा निलकण्ठ नगरपालिका पर्दछ ।

### १.२.३. जनसांख्यिक विवरण

राष्ट्रिय जनगणना, २०६८ अनुसार त्रिपुरासुन्दरी गाउँ पालिकाको जनसंख्या २२,९६० रहेको छ । जसमा १०,०५० पुरुष र १२,९१० महिला रहेका छन् । कुल घरधुरीको औषत जनसंख्या ४.२४ रहेको तथ्यांकले देखाउदछ । यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, नेवार, तामाङ्ग, कुमाल, दरै, दलित लगायतका जाजातिको बाहुल्यता रहेको देखिन्छ । तलको तालिकामा गाउँपालिकामा बसोबास गर्ने जातजातिहरुको जनसांख्यकीय विवरण प्रस्तुत गरिएको छ :

| **क.सं.** | **जात जाति** | **संख्या** |
|---|---|---|
| १. | क्षेत्री | ६०७९ |
| २. | पहाडी ब्राह्मण | ३०२६ |
| ३. | तामाङ | ३३६ |
| ४. | मगर | २८०६ |
| ५. | नेवार | २२७८ |
| ६. | कामी | ९६९ |
| ७. | राइ | १९ |
| ८. | दमाइ ढोली | ८३२ |
| ९. | ठकुरी | ५६९ |
| १०. | सार्की | १४३८ |
| ११. | मुसलमान | ५३ |
| १२. | गुरुङ | ४५१ |
| १३. | सन्यासी | ७०९ |
| १४. | तराई ब्रह्मण | १२ |
| १५. | घले | १८३ |
| १६. | माझी | ३६ |
| १७. | दरे | ८०७ |
| १८. | कुमाल | २२४२ |
| १९. | अन्य | ११५ |
| **जम्मा** | | **२२९६०** |

Source: Population Monograph, CBS, 2011

## १.३. क्षमता विकास योजनाको लक्ष्य तथा उद्देश्य :

### क्षमता विकासको लक्ष्य

स्थानीय सरकारले मानव संशाधन, संस्थागत क्षमता र पूर्वाधार बिकासका पक्षमा क्षमता बढाई पालिकाबाट प्रवाह गरिने सेवालाई गुणस्तरीय, पारदर्शी, जबाफदेही र प्रभावकारी बनाउनु रहेको छ ।

**क्षमता विकासको उद्देश्य**

गाउँपालिकाद्वारा गरिने सेवा प्रवाह र विकास निर्माणका कामहरु उपयोगी, प्रभावकारी दिगो एवं फलदायक हुने गरी दक्षताका साथ सम्पन्न गर्न आवश्यक पर्ने सीप, क्षमता र कार्यशैलीमा सुधार ल्याउने ।

**उद्देश्यको सूचक**

- क्षमता विकास योजना अवधिको अन्त्यमा स्थानीय विकास प्रक्रिया, सेवा तथा सुविधाको पहुँच कम भएका समुदाय एवं विपन्न वर्ग लगायत स्थानिय उपभोक्ताको सहभागितामा वृद्धि भएको हुनेछ ।

**यस योजनाको सहायक उद्देश्यहरु देहायबमोजिम छन् :**

- गाउँपालिकाको सङ्गठनात्मक, संरचनात्मक तथा संस्थागत व्यवस्थामा सुधार ल्याउने ।
- गाउँपालिकाले आवधिक योजना, मध्यमकालिन खर्च संचरना, वार्षिक योजना तथा विकास कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कन तथा सिकाइ उपलब्धीलाई दिगो एवं प्रभावकारी बनाउने ।
- गाउँपालिकाको वित्तीय व्यवस्थापनमा उत्तरदायित्व, पारदर्शिता र जवाफदेहीता वहन गर्ने क्षमतामा सुधार ल्याई स्रोत साधन परिचालनमा सन्तुलित बजेट बिनियोजन स्थानीय विकासका प्रतिफलको समानपातिक वितरण गर्न सक्षम बनाउने ।
- गाउँपालिकाको कार्य सम्पादन प्रकृयालाई प्रणालीबद्ध गरी छिटो छरितो बनाउने ।
- गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गर्न आयका अन्य स्रोतहरुको पहिचान गर्न सहयोग पुऱ्याउने ।
- गाउँपालिकाको भौतिक सुविधा, कार्यालय सुरक्षा, सरसफाइ तथा सूचना प्रविधिको उपलब्धताको आध-रमा दैनिक कार्य सम्पादनमा सुधार ल्याउने ।
- गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीको कार्यशैली, कार्यव्यवहार, कार्य वातावरण तथा अन्तरसम्वन्धलाई सुदृढ गर्न नयाँ सार्वजनिक व्यवस्थापनका आयामहरुको प्रयोग गर्न वातावरण सिर्जना गर्ने ।
- गाउँपालिकाले साझेदारहरुसँगको संयुक्त प्रयासमा विकास निर्माणको कार्य तथा सञ्चालनमा सरोकारवालाहरु प्रति जवाफदेही हुने गरी समावेशी तथा सहभागितात्मक अवधारणाको अभ्यास गर्ने ।
- गाउँपालिका भित्रका चल अचल सम्पत्तिको अभिलेख, संरक्षण, सम्भार र परिचालन गर्ने ।
- संघीयताको सिद्धान्त अनुसार तीनै तहका सरकारहरु वीच अन्तर-सम्बन्ध र समन्वय सबल बनाउने ।

**सहायक उद्देश्यका सूचकहरु :**

- क्षमता विकास योजनाको अन्त्य (आ.ब. २०८०-८१) सम्ममा स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ बमोजिम स्व-मापनमा यो गाउँपालिकाले उच्चतम अंक प्राप्त गरेको हुनेछ ।

- आन्तरिक राजस्वको परिचालनमा आधार वर्ष (आ.व. २०७८-७९) को तुलनामा अत्यधिक रुपमा वृद्धि भएको हुनेछ ।
- गाउँपालिकाद्वारा संचालित योजना/कार्यक्रमहरु मध्ये अधिकांश योजना कार्यक्रमहरु ऋनमानित लागत एवं समयमा सम्पन्न भएका हुनेछन् ।
- क्षमता विकास योजनाको अन्त्यमा सेवा तथा सुविधामा पहुँच कम रहेका समुदाय एवं विपन्न वर्गको सहभागितामा आधार वर्षको न्यूनतम २५ प्रतिशतले वृद्धि भएको हुनेछ ।
- योजनाको अन्त्यमा स्थानीय सेवा प्रवाह सम्वन्धि गुनासो गुणात्मक एवं परिमाणात्मक रुपमा कमी आएको हुनेछ ।

## १.४. क्षमता विकास योजनाको औचित्य

गरिबी न्यूनिकरणमा योगदान पुऱ्याउन समावेशी, जवाफदेही र उत्तरदायी शासनको प्रवर्धन गर्नु पर्दछ । यसबाट गाउँ बासीलाई सेवा र सुविधा उपरको पहुँच पनि सुनिश्चित हुन्छ । यसका लागि स्थानीय तहमा सेवा तथा सुविधा प्रवाह तथा विकास कार्यमा प्रत्यक्ष रुपमा संलग्न स्थानीय तहहरुको क्षमता विकासमा जोड दिन आवश्यक छ । यसर्थ हाल कार्यान्वयनमा आइरहेका क्षमता विकास सम्बन्धी रणनीति र कार्यक्रमहरुको समिक्षा गरी परिष्कृत एवं परिमार्जित रणनीति, कार्यक्रम तथा प्रक्रिया र योजनाको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नु नै यो क्षमता विकास योजनाको आवश्यकता रहेको छ ।

विगतमा क्षमता विकासका प्रयासहरु भएपनि त्यसको कार्यान्वयनको लागि ठोस रणनीति भएको पाइदैन । सशक्त, स्पष्ट र कार्यमुखी क्षमता विकासको रणनीतिको अभावमा क्षमता विकासका कार्यक्रमहरु विगतमा केन्द्रबाट संचालित भएको हुँदा स्थानीय स्तरमा त्यसप्रति अपनत्व (Ownership) को अभाव देखियो । त्यसैगरी, स्थानीय तहहरुको संस्थागत क्षमता बढ्न गएको अवस्थामा स्वमुल्यांकन कार्यविधि, २०७७ ले कल्पना गरेको पुर्ण क्षमतालाई अग्रगामी र प्रभावकारी बनाउन सकिन्छ ।

## १.५. अपेक्षित प्रतिफल

क्षमता विकास योजना तर्जुमा र कार्यान्वयन भएपछि यस पालिकाबाट संचालन हुने सेवा प्रवाह तथा विकास व्यवस्थापनमा आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि एवं प्रणालीको प्रयोग एवं अनुशरण भई नतिजामुखी प्रशासन संचालन भएको हुनेछ । यस क्षमता विकास योजनाबाट निम्न प्रतिफलको अपेक्षा गरिएको छ :

- संगठनात्मक संरचनामा देखिएको क्षमता अन्तराल पत्ता लगाई पालिकाले मानवीय संसाधन विकासको अवसर प्राप्त गर्नेछ ।
- कर्मचारीको रुची, चाहना तथा कार्यसम्पादनको स्तर एवं क्षेत्रलाई सम्वोधन गर्ने गरी क्षमता विकास कार्यकम कार्यान्वयनको आधार तयार हुनेछ ।

- मानव संसाधन विकासको प्राथमिकता निर्धारण गरी सो क्षेत्रमा उपलब्ध श्रोत विनियोजन गर्नका लागि ३ वर्षे क्षमता विकास कार्ययोजना प्रमुख आधार हुनेछ ।
- माग र आपूर्तिको आधारमा क्षमता विकास कार्ययोजनालाई वर्गिकरण गरी श्रोत साधन जुटाउन उपयुक्त अवसर प्राप्त हुनेछ ।
- मुलुकमा संघीयता कार्यान्वयनका लागि स्थानीय स्तरबाट हुने योगदान गर्न पालिका सक्षम हुनेछ ।
- पालिकाको क्षमता विकासको साथै समुदाय र सरोकारवालाहरु प्रति  पालिकाबाट प्रवाह हुने सेवा  तथा स्थानीय विकास निर्माणको कार्य सम्पादनमा सहजता उपलब्ध हुनेछ ।
- पालिकाबाट तयार हुने आर्थिक तथा वित्तीय एवं भौतिक प्रतिवेदनहरु समयबद्ध रुपमा तयार गरी नियमानुसार सार्वजनीकिकरण हुनेछन् ।

## १.६. प्रयुक्त विधि र प्रकृया

त्रिपुरासुन्दरी गाउँपालिका तथा सरोकारवालाहरुको सक्रिय सहभागितामा क्षमता विकास योजना तर्जुमा गरिएको छ । यो योजना तर्जुमा गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ आधार दस्ताबेज मानिएको छ । किनभने स्थानीय तहको क्षमता स्वमुल्यांकन गर्न कार्यविधि नै तय भएको र यसले भविष्यमा नेपाल सरकार तथा प्रदेश सरकारबाट जाने चारै प्रकारका अनुदान प्राप्तीमा सकारात्मक भूमिका खेल्नेछ र पालिकाको आन्तरिक आय वृद्धिमा यसले कोशेढुङ्गाको काम गर्नेछ । प्रस्तावित यस क्षमता विकास योजना तर्जुमाको सिलसिलामा प्रश्नावली प्रयोग गरी गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुसँग  स्थलगत भ्रमणमा प्रत्यक्ष भेटघाट, एवं अवलोकन, टेलिफोन, इमेल, लगायतका माध्यमबाट छलफल, परामर्श, अन्तर्क्रिया जस्ता सहकार्यात्मक विधिहरु अपनाइएको थियो । यी विधिहरुबाट गाउँपालिकाको वस्तुस्थिति विश्लेषण गरी पालिकाले सम्पादन गर्ने देहायका १० कार्य क्षेत्रहरुको विद्यमान क्षमता र अवस्थाको अध्ययन गरिएको थियो । यी क्षेत्रहरुमा पालिकाको क्षमताको अन्तर (gap) मिहिन ढंगबाट अध्ययन गरिएको थियो । क्षमतामा अन्तर पहिल्याइएपछि क्षमता विकासका आवश्यकताहरु पहिचान गरियो । यसरी पहिचान गरिएका ती क्षमता विकासका आवश्यकतालाई समय तथा वित्तीय स्रोतबद्ध गरी कार्यान्वयन योग्य कार्यतालिका तयार गरी प्रतिवेदनमा समावेश गरिएको छ ।  यसैको आधारमा क्षमता विकासको तीन वर्षे कार्ययोजना तयार गरिएको छ ।

गाउँपालिकाले सम्पादन गर्ने १० कार्य क्षेत्रहरु यसप्रकार छन् : (१) शासकीय प्रबन्ध, (२) सगठन तथा प्रशासन, (३) वार्षिक बजेट तथा योजना व्यवस्थापन, (४) वित्तिय एवं आर्थिक व्यवस्थापन, (५) सार्वजनिक सेवा प्रवाह, (६) न्यायिक कार्य सम्पादन, (७) भौतिक पूर्वाधार, (८) सामाजिक समावेशीकरण, (९) वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, (१०) सहकार्य र समन्वय ।

उपरोक्त दश कार्यक्षेत्रहरुलाई व्यवस्थापकीय दृष्टिले देहायका चौविस उपक्षेत्रहरुमा वर्गिकरण गरी यिनीहरुको विषद रुपमा व्यापक विश्लेषण गरी प्रत्येक क्षमताको लेखाजोखा गरिएको छ र यसैको आधारमा क्षमता विकास योजना तर्जुमा गरिएको छ ।

उपरोक्त २३ उपक्षेत्रहरु यसप्रकार छन् : (१) योजना व्यवस्थापन, (२) सार्वजनिक वित्त व्यवस्थापन, (३) स्थानीय उद्यमशिलताको विकास, (४) जनशक्ति अवस्था, (५) शिक्षा व्यवस्थापन, (६) न्यायिक कार्यसम्पादन, (७) सामुदायिक परिचालन, (८) सामाजिक सुरक्षा, (९) फोहरमैला व्यवस्थापन, (१०) भवन निर्माण मापदण्ड, (११) पूर्वाधार निर्माण तथा व्यवस्थापन, (१२) उपभोक्ता समिति, (१३) बस्ती विकास, (१४) नागरिक बडापत्र तथा कार्यसंस्कृति, (१५) अधिकार प्रत्यायोजन, (१६) विपद् व्यवस्थापन (१७) जनस्वास्थ्य तथा अस्पताल व्यवस्थापन, (१८) सूचना प्रविधिको प्रयोग, (१९) सुशासन तथा सेवा प्रवाह, (२०) आन्तरिक आय व्यवस्थापन, (२१) शहरी विकास, (२२) बेरोजगारको व्यवस्थापन, (२३) विविध ।

त्रिपुरासुन्दरी गाउँपालिकाको क्षमता विकास योजनाको तर्जुमा देहायका प्रकृयाहरु पुरा गरिएको थियो ।

**अ. क्षमता विकासको रणनीति तथा योजना तर्जुमा प्रक्रिया बारे छलफल :**
गाउँपालिकाको क्षमता विकास योजना तर्जुमाका सन्दर्भमा स्थलगत भ्रमण, प्रत्यक्ष भेटघाट तथा अन्तरक्रिया, टेलिफोन, इमेल, वेवसाइट, पत्राचार आदि तथ्यांक एवं सूचना संकलन गरिएको थियो । त्यसैगरी, थप सुचना तथा तथ्यांक संकलन गरी नतिजामा पुग्न स्थलगत भ्रमण समेत सम्पन्न गरिएको थियो ।

**आ. गाउँपालिकाको विद्यमान क्षमताको विश्लेषण :**
क्षमता विकास योजना तर्जुमा गर्ने सन्दर्भमा संविधान, ऐन, कानुन, नीति, नियम, दिग्दर्शन, परिपत्र, निर्देशिका, मापदण्ड लगायतका द्वितीय स्रोतबाट प्राप्त सामग्री अध्ययन गरियो ।

## १.७. अध्ययनका सीमाहरु

- आर्थिक वर्षको अन्तिम महिना, कोभिडको माहामारी, अवरुद्ध यातायात सेवा, लक डाउनको अबधिलगायतका विषयहरु यो अध्ययनका सीमा हुन् ।
- कार्यशर्त अनुसार अन्तिम प्रतिवेदन पेश गर्ने अवधि तीन महिनाको रहेपनि आर्थिक वर्षको अन्त्यले गर्दा समयावधि घट्न गएको छ ।
- यस योजना तयार भई कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तिय स्रोत साधनहरुको उपलब्धता बारे उच्च जोखिम रहेको छ ।
- यस क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत साधन बहुपक्षीय स्रोतबाट प्राप्त हुने अपेक्षा गरिएको छ ।

# परिच्छेद- २
# सन्दर्भ सामग्री पुनरावलोकन

## २.१. संविधान, ऐन, नीति नियम, कार्यविधि एवं कार्य विस्तृतीकरणको अध्ययन

गाउँपालिकाको क्षमता विश्लेषण गर्ने सन्दर्भमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, अर्थ मन्त्रालयद्वारा जारी गरिएका बजेट तर्जुमा दिग्दर्शन एवं कार्यसंचालन निर्देशका, २०७७, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, त्रिपुरासुन्दरी गाउँपालिकाको विभिन्न आर्थिक वर्षका विनियोजन तथा आर्थिक ऐनहरु, महालेखा परिक्षकको कार्यालयबाट दर्शाइएका बेरुजु एवं कैफियतहरु, बागमती प्रदेश सरकारका प्रचलित कानुन एवं मापदण्डहरु, प्रदेश नीति तथा योजना आयोगका दस्ताबेजहरु लगायत क्षमता विकाससँग सम्बन्धित स्वदेशी विदेशी पुस्तक एवं जर्नलहरुको अध्ययन एवं पुनरावलोकन गरियो । साथै, सूची विकास, प्रश्नावली एवं डिस्कसन नोट आदि तयार गरी इन्टरनेटको माध्यमबाट तथ्यांक एवं सूचना संकलन गरियो ।

## २.२. वार्षिक नीति तथा कार्यक्रमहरुको अध्ययन

गाउँपालिकाको पाँचौ गाउँसभाबाट पारित आ.व. २०७६।७७ को नीति तथा कार्यक्रम र बजेट, सातौ गाउँसभाबाट पारित आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रम र बजेट पुस्तिका अध्ययन गरियो । त्यसैगरी, पालिकाको आ.व. २०७७।७८ को बजेट तथा कार्यक्रमको वार्षिक प्रगति समीक्षाको दस्ताबेजको पनि अध्ययन गरियो । अध्ययनको क्रममा विविध आर्थिक वर्षका आर्थिक ऐन तथा विनियोजन ऐनहरु अध्ययन गरियो । आर्थिक कार्यविधि ऐन तर्जुमाको क्रममा रहेकोले संघीय आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन तथा नियमावली २०७६ लागु रहेको देखियो । पालिकाको आफ्नै सार्वजनिक खरिद नियमावली रहेकोले सो को अध्ययन गरियो ।

# परिच्छेद ३ :
# क्षमता विकासको आवश्यकता पहिचान र विश्लेषण

## ३.१. क्षमता आवश्यकता पहिचान

क्षमता विकास कार्यक्रम कार्यान्वयनको लागि आवश्यक वित्तीय तथा भौतिक श्रोत साधनको कमी स्वयंमा एक चुनौती रहेको छ । योजना विनाको कार्यान्वयन फितलो हुन्छ भने योजना बनाई सो कार्यान्वयन हुन नसक्नु पनि ठीक हुँदैन । यस पालिकाको आगामी तीन वर्षको क्षमता विकास कार्ययोजना तर्जुमा गर्दा क्षमता विकासको आवश्यकता पहिचानको पक्षलाई ध्यान दिइएको छ ।

पालिकाको यो क्षमता विकास कार्ययोजना सफल र उदाहरणीय बन्न सकोस् भन्ने अभिप्रायले पालिकाका निर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारवालाहरुसंग छलफल गरी जुटन सक्ने श्रोतको अनुमान तथ्यपरक रुपमा प्रस्तुत गरिएकोले यसको अपनत्व वृद्धि हुन गई सफलताको विश्वास लिन सकिने अपेक्षा राखिएको छ । साथै स्थलगत भ्रमण र अन्तरक्रियाको क्रममा अबलोकन, सोधनी, छलफल, प्रश्नावली, प्रतिक्रियाको आधारमा निम्न अनसार स्वट विश्लेषण गरिएको छ :–

## ३.२. त्रिपुरासन्दरी गाउँपालिकाको सवल र कमजोर पक्षको बिश्लेषण

SWOT Analysis

| (क) सवल पक्ष (Strength) | (ख) कमजोर पक्ष (Weakness) |
|---|---|
| १.संघबाट तयार भएका निर्देशिकाहरु त्रिपुरासन्दरी गाउँपालिकाले आफुले कार्यान्वयनमा ल्याउनुलाई सबल पक्षलाई मान्न सकिन्छ, जस्तै :–<br>-टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७,<br>-प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम संचालन कार्यविधि, २०७७ | १.Public Policy and Management विषयको छात्रवृत्तिमा यस पालिकाबाट काठमाडौं विश्वविद्यालय स्कूल अफ म्यानेजमेन्टमा कुनै कर्मचारी मनोनयन नहुनु । |
| २.महिला बिरुद्ध हुने हिंसामा कमी आएको । | २.लागत न्युनिकरण गरी प्रभावकारी सेवा प्रवाह हुन नसकेको । |
| ३.लैङ्गिक उत्तरदायी बजेटको परीक्षणको व्यबस्था भएको । | ३. गाउँपालिकामा हालसम्म उचित स्वास्थ्य सेवा प्रदान गर्ने संस्था नहुनु |
| ४.बिभिन्न समितिको गठन गरी नियमित रुपमा बैठक बस्नु पर्ने व्यबस्था भएको । | ४.आवधिक प्रतिवेदन र बित्तीय विवरणको प्रेषण हुन नसकेको |
| ५.आय-व्ययको विवरण कानुनी व्यबस्था बमोजिम सार्वजनिक भएको । | ५. अधिकांश कर्मचारीहरुमा सूचना प्रबिधि संम्बन्धी ज्ञान, सीप र अभ्यासमा कमी हुनु । |

| | |
|---|---|
| ६.सेवा प्रबाहको कार्यदक्षता र प्रभावकारिता बारे अध्ययन गर्ने व्यवस्था हुनु । | ६. स्थानीय उत्पादनको प्रबर्द्धन र बजारीकरणको ब्यवस्था नहुनु । |
| ७.सामाजिक सुरक्षा भत्ताको बितरण बैंकिङ्ग प्रणाली मार्फत हुनु । | ७. पालिका भित्र गरिनु पर्ने धेरै नदीनालाहरुको IEE नगरेको |
| ८. उच्च शिक्षण संस्थानहरुसँगको सन्निकटता, | ८.दरबन्दी अनुसारको जनशक्ति पूर्ति नहुनु, |
| ९. तुलनात्मक लाभ भएको कृषि योग्य जमिनको प्रचुरता, | ९.आन्तरिक स्रोतको परिचालन हुन नसक्नु, |
| १०.बुढीगण्डकी बिद्युत्त गृह निर्माण हुने र प्राकृतिक तथा ऐतिहासिकस्थल समेत भएको पर्यटकीय गन्तव्यको स्थल भएको अवस्था, | १०.आवधिक योजना तर्जुमा हुन नसकेकोले बार्षिक योजनाको लागि आधार नहुनु । |
| ११.वन, जंगल लगायत प्राकृतिक स्रोतको प्रचुरता | ११.मध्यमकालीन खर्च संरचना तयार नहुनु, |
| १२.राजस्व सुधार कार्य योजनामा सम्पत्ति कर संकलनसम्बन्धी अध्ययन प्रस्ताव | १२.विभिन्न समितीको बैठक बस्ने संम्बन्धी कार्यबिधि नभएको । |
| १३.उच्च शिक्षा प्रदान गर्ने संस्थाहरु पालिका क्षेत्रमा रहेको | १३.राजस्व सुधार कार्ययोजना सम्बन्धी दिग्दर्शन, २०७६ अनुरुपको राजस्व सुधार कार्ययोजना तयार नभएको |
| १४. राजस्व सुधार कार्ययोजनामा सम्पत्ति कर संकलन र व्यवस्थापनसम्बन्धी अध्ययन संकलन गरी मन्त्रालयबाट अन्तिम प्रतिवेदन तयार भई पालिकामा आउने | १४. पालिका भित्र गरिनु पर्ने धेरै नदीनालाहरुको IEE भएको पाइएन । |
| १५.गाउँपालिकाको आफ्नै प्रशासकीय भवन भएको | १५.स्थानीय तहको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६ अनुरुपका कार्यक्रमहरु संचालन नभएको |
| | १६.नगरपालिकाको संस्थागत प्रबन्ध, सेवा प्रवाह र वार्षिक विकास कार्यक्रम कार्यान्वयनको अनुगमन सम्बन्धी सफ्टवेयर तयार नभएको |
| | १७.जिल्ला समन्वय समितिले गर्नुपर्ने अनुगमन तथा मुल्यांकनका प्रतिवेदनहरु पालिकाले प्राप्त गरी सो उपर आफ्नो प्रतिक्रिया नदिएको |
| | १८.राष्ट्रिय सामाजिक समावेशीकरण नीति, २०७७ लाई आन्तरिकीकरण नगरेको |
| **(ग) अवसर (Opportunity)** | **(घ) चुनौती (Threats)** |
| बागमती प्रदेश अन्तर्गतको प्रदेश सुशासन केन्द्, बागमतीबाट स्थानीय तहको क्षमता विकास | १.प्रत्येक तीन बर्षमा कम्तीमा १ हप्ताको तालिम लिनुपर्ने भएतापनि क्षमता बिकास |

| | |
|---|---|
| योजनामा यस गाउँपालिका छनौट हुनु एउटा अवसरको रुपमा पाइएको छ :–<br>१.क्षमता बिकास तर्जुमाको लागि छनौट हुनु । | प्रशिक्षणमा सहभागी हुन नपाएका |
| २.राजस्वको दायरा फराकिलो हुदै जानु । | २.जनशक्तीको क्षमता बिकासमा चालु खर्चको १.५% भन्दा पनि कम खर्च भएको । |
| ३.अन्तरसरकारी समन्वय र सहजीकरणको व्यबस्था भएको । | ३.शाखा प्रमुखसंग कार्यसम्पादन सम्झौता नभएको । |
| ४.अधिकांश भुक्तानीहरु इ-पेमेन्ट माफर्त हुदै जानु । | ४.गैरसरकारी संस्थासंगको नगद लागत साझेदारी कार्यक्रममा ३०% सम्म पुग्न नसक्नु । |
| ५.वडा-वडामा घुम्ती सेवा संचालन गरिने व्यबस्था भएको । | ५.पर्यटकीय गन्तव्यको तुलनात्मक लाभ लिन नसक्नु, |
| ६.उपभोक्ता समितिको गठन र सम्झौताको लागि शिविर खडा गर्न सकिने । | ६.सार्वजनिक खरिदसंम्बन्धी ऐन नियमको जानकारी हुन नसक्नु । |
| ७.यातायात गुरु योजना तर्जुमा गर्ने व्यबस्था भएको । | ७.वाताबरण मैत्री पुर्वाधारको निर्माण हुन नसक्नु । |
| ८.त्रिपुरासन्दरी गाउँपालिकामा रहेको प्रसिद्ध स्थललाई पर्यटकीय गन्तव्य स्थान बनाउन सकिने, | ८.परम्परागत आधारमा खेती गर्ने हुँदा कृषिमा आधुनिकीकरण भई नसक्नु, |
| ९.कृषिमा व्यवसायीकरण गरी ‘एक वडा, एक उत्पादन’ को अवधारणा लागु गरी जनताको आयस्तर बढाउन सकिने, | ९.राजस्व संकलन कार्य अनुमानको ९०% भन्दा कम हुनु । |
| १०. पर्यटन क्षेत्रमा हस्पिटालिटी र गाइडको तालिमको व्यवस्था आदिको सम्भावना रहेको छ | १०.हरेक बर्ष बेरुजुको रकम बढदै जानु । |
| | ११.दिगो विकासका अन्तराष्ट्रिय लक्ष्यलाई स्थानीयकरण गर्न कठिनाइ हुनु । |
| | १२.गैर-सरकारी संस्थाका कार्यक्रमलाई पालिकाको कार्यक्रममा समन्वय गर्न नसक्नु । |
| | १३.एकिकृत बस्ती बिकासको अबधारणालाई ब्यवहारमा ल्याउन कठिनाई हुनु । |
| | |

## ३.३. क्षमता विकास लेखाजोखा

गाउँपालिकाको क्षमता आवश्यकता पहिचान गर्नु अगाडि हाल विद्यमान क्षमता स्थितिको लेखाजोखा गर्नु आवश्यक देखिन्छ । यस कार्यको लागि विषय विज्ञहरुले त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ्गको स्थलगत अध्ययन भ्रमण गरी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शाखाका कर्मचारीहरु, वडाध्यक्ष, वडा सचिवहरुसँग प्रत्यक्ष भेटघाट र अन्तरक्रिया गरी विवरण प्राप्त गरिएको थियो । यसैको आधार समेतमा गरिएको नगरपालिकाको क्षमता लेखाजोखा देहाय बमोजिम गरिएको छ ।

त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ्गको क्षमता लेखाजोखा र अन्तराल पहिचान

**१. मानव संशाधन अवस्था विश्लेषण**

| **पदीय जिम्मेवारी वा पद** | **सम्पादन गर्नु पर्ने प्रमुख कार्य** | **कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता)** | **कार्य सम्पादनमा देखिएको अन्तराल (Gap)** | **कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम ( ज्ञान, सीप, दक्षता)** | **क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत)** |
|---|---|---|---|---|---|
| अध्यक्ष | सभाको कार्यसूची, बैठक आह्वान र निर्णय कार्यान्वयन गर्ने गराउने | • प्रत्येक महिनाको १७ गते नगर कार्यपालिकाको बैठक बस्ने गरेको<br>• वार्षिक बजेट तथा कार्यक्रम समयमै पेश गरेको जस्तै–आ.ब. ०७७/७८ को बजेट असार १० गते पेश गरी १० गते पारित भएको । | • आन्तरिक आयको हिंस्सा बढ्न नसकेको<br>• योजना प्रगति समिक्षाको लागि स्थानीय विकास समस्या समाधान समिति गठन नभएको । | • बजेट तर्जुमा र प्रगति समीक्षा सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम | मानव संशाधन |
| | कानुन निर्माण सम्बन्धी | • गाउँपालिकाको सफल सुसञ्चालनको लागि करिब ४० वटा ऐनलगायत निर्देशिका, नियमावली, कार्यविधिसमेत गरी वटा नमूना कानून जारी गर्नु पर्नेमा हालसम्म ऐनहरु २ वटा, ८ | • सेवा प्रवाह तथा स्थानीय विकास सम्बन्धमा बाँकी कानुन निर्माण नभएको<br>• कानुन तर्जुमा गर्न विज्ञ जनशक्ति नभएको | • कानुन निर्माण सम्बन्धी प्रशिक्षण<br>• कानुन तर्जुमा विज्ञ वा जनशक्तिको | मानव संशाधन<br>संस्थागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वटा नियमावली,१७ वटा निर्देशिका, कार्यविधिहरु वटा र आचार संहिता, दिग्दर्शन तथा नीतिहरु वटा जारी भएका छन् | | व्यवस्थापन | |
| | प्रशासकीय तथा आर्थिक व्यवस्था सम्बन्धी | ● सुशासन सम्बन्धी प्रतिवेदन वर्षमा २ पटक सार्वजनिक गर्ने गरिएको<br>● गाउँपालिकाको वडा समितिहरु आदिको दैनिक कार्यको रेखदेख पालिकाबाट गर्नुपर्ने सिफारिसहरु<br>● गाउँ पालिकाको आय-व्याय र चल अचल सम्पत्तिको अनुगमन, हेरचाह एवं मर्मतसम्भार हुने गरेको | ● स्थानीय सेवा व्यबस्थापनको नेतृत्वसम्बन्धी नीति, सेवा शर्त तथा कार्यविधि नभएको | ● सुशासन, नेतृत्व विकासलगायत व्यबस्थापनका नविनतम् आयाम सम्बन्धी प्रशिक्षण | मानव संशाधन |
| उपाध्यक्ष | विभिन्न समितिको संयोजक भई काम गर्ने<br><br>अनुगमन समितिको संयोजक भई काम गर्ने | ● न्यायीक समितिको संयोजक भई काम गरेको । न्यायीक समितिको प्रतिवेदन समय भित्रै पेश भएको<br>● गैरसरकारी संस्था र उपभोक्ता हित संरक्षण समितिको संयोजक भई काम गरेको<br>● राजस्व परामर्श समितिको संयोजक भइ काम गरेको<br>● बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक भइ काम गरेको | नेतृत्वदायी भूमिका र संयोजन भई काम गर्ने सम्बन्धमा समन्वय, अनुगमन सम्बन्धी ज्ञान तथा सीपको कमी भएको | ● विकास आयोजनाको अनुगमन तथा मुल्यांकनका विषयक सीपमलूक क्षमता विकास कार्यक्रम<br>● समन्वय तथा निर्णय प्रकृया सम्बन्धी कार्यविधि | मानव संशाधन<br><br>प्रणालीगत |
| वडा अध्यक्ष | ● वडा समितिको समन्वयकर्ता भई काम गर्ने | ● नागरिक वडापत्रमा उल्लेख भए बमोजिमको सिफारिस तथा प्रमाणित गर्ने कार्य निरन्तर भइरहेको | ● दक्ष कर्मचारीको अभावमा गुणस्तरीय कार्यमा बाधा पुगेको | ● योजना कार्यान्वयनमा गुणस्तरीयता | मानव संशाधन |

| | | | | | |
|---|---|---|---|---|---|
| | • स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयन, अनुगमन र समीक्षा गर्ने<br>• सिफारिस तथा प्रमाणित गर्ने | | • योजना कार्यान्वयन, अनुगमन र समीक्षाको कार्य दक्षतामा कमी भएको<br>• वडा कार्यालयहरुलाई आर्थिक अधिकार दिने सम्बन्धी कार्यविधि नभएको | अभिवृद्धि सम्बन्धी आधारभूत तालिम | |
| कार्यपालिका सदस्य | • विषयगत क्षेत्रको संयोजक रहने सम्बन्धी<br>• कार्यपालिकाले तोकेको कार्य सम्बन्धी | गाउँ कार्यापालिकाको बैठकमा उपस्थित हुने गरेको ।<br>स्थानिय सरकार संचाालन ऐन बारे जानकारी नभएको । | काम कर्तव्य र अधिकार बारे प्रशिक्षण नपाएकोले प्रस्ताब राख्न नसकेको । | -संयोजनको अबधारणा र संयोजकको भमिकासम्बन्धमा सीपमुलक तालीम<br>-जनस्तरमा छलफलगरी प्रस्ताव लेखनको सीपमुलक तालीम | मानव संशाधन<br>मानव संशाधन |
| प्रमुख प्रशासकीय अधिकृत | • निर्णय कार्यान्वयन सम्बन्धी<br>• योजना, सार्वजनिक खरिद, आर्थिक प्रशासन तथा लेखा परीक्षण सम्बन्धी<br>• अनुगमन, मुल्यांकन सम्बन्धी | • सबै प्रकारका बैठकहरु समयमै बोलाइ संचालन गर्ने गरेको<br>• गाउँ सभा सम्पन्न गरेको, बजेट समयमा पेश तथा पारित गराएको, खर्च गर्ने अख्तियारी प्राप्त गरी बजेट कार्यान्वयन गरेको, आर्थिक कारोवारको अभिलेख राख्न लगाएको, गाउँकार्यपालिकाको प्रतिनिधित्व गरी अन्तर सरकारी निकायको बैठकमा भाग लिने गरेको | • आर्थिक विवरणको तयारीमा NPSAS को प्रयोग नगरेको<br>• आलेप तथा मलेपका बेरुजुहरु लक्ष्य निर्धारण गरी फछ्र्यौट नगराएको जस्तै– आ.ब. २०७५-७६ को मलेपको बेरुजु रु. ४ करोड ६२ लाख ९१ हजार मध्ये फछ्र्यौट नभएको<br>• खरिदको गुरुयोजना तथा योजना नबनाएको | • NPSAS सम्बन्धी सीप विकास तालिम<br>• लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट सम्बन्धी उत्प्रेरणात्मक प्रशिक्षण<br>• सार्वजनिक खरिदसम्बन्धी आधारभूत्त तालीम | मानव संशाधन<br>मानव संशाधन<br>मानव संशाधन |
| **२.विषयगत शाखाहरु** | | | | | |
| क) प्रशासन, योजना तथा | १. आवद्यिक योजना तयार गर्ने । | • आ.व. ०७५।७६ मा सार्वजनिक सुनुवाइ भएको | • आवद्यिक योजना तयार नभएको् | • आवधिक योजना र मध्यमकालिन | मानव |

| | | | | | |
|---|---|---|---|---|---|
| अनुगमन शाखा | २. वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने<br>३. आयोजनाहरुको कार्यान्वयन तथा अनुगमन, मुल्यांकन गर्ने<br>४. स्रोत अनुमान तथा बजेट निर्धारण समिति, बजेट तथा कार्यक्रम समिति,<br>५. परियोजना बैंक तयार गर्ने<br>६. सार्वजनिक सुनुवाईको व्यवस्था गर्ने<br>७. सामाजिक परिक्षण गर्ने<br>८. कर्मचारीको कार्यविवरण तयार गर्ने<br>९. पदाधिकारी तथा कर्मचारीहरुको आचार संहिता | • सार्वजनिक संम्पति व्यवस्थापन प्रणाली (PAMS ) अनुसार जिनसी हिसाब राख्ने गरेको ।<br>• वडा कार्यालयहरुमा सी सी क्यामरा जडान भएको ।<br>• कर्मचारीको हकमा संघीयता निजामती आचार संहिता लागु भएको<br>• अन्तर शाखा समन्वय हने गरेको<br>• स्थानीय स्तरमा ६ सय वटा योजना भएको ।<br>• O & M Survey भएको<br>• कर्मचारीको कार्य विवरण (job description) तयार भएको | • परियोजना बैंक तयार भएको छैन ।<br>• पदाधिकारीको आचार संहिता नबनेको<br>• मध्यमकालिन खर्च संरचना तयार नभएको<br>• नागरिक वडापत्र वार्षिक रुपमा अद्यावधिक हुने नगरेको<br>• पदाधिकारीको आचार संहिता नबनेको<br>• सेवाग्राही सन्तुष्टि सर्भेक्षण विगत वर्षमा नभएको<br>• मध्यमकालीन खर्च संरचना तयार नगरेको ।<br>• पालिकाले आवधिक योजना निर्माण नगरेको । | खर्च संरचना सम्बन्धी प्रशिक्षण<br>• अनुगमन मुल्यांकनको सीपमुलक तालीम<br>• सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षणको ढाँचा निर्धारण<br>• पदाधिकारीको आचार संहिताको तर्जूमा ।<br>• सार्वजनिक संम्पति व्यवस्थापन प्रणाली (PAMS ) सम्बन्धी प्रशिक्षण | संशाधन<br><br>मानव संशाधन<br><br>प्रणालीगत<br><br>प्रणालीगत<br><br>मानव संशाधन |
| ख) पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | १. सहरी विकास तथा बस्ती विकास विकास सम्बन्धी नीति तयार, कार्यान्वयन एवं अनुगमन गर्ने<br>२. यातायात सम्बन्धी<br>३. भवन सम्बन्धी मापदण्डको तर्जुमा, | • यातायात गुरुयोजना तयार भएको छैन्<br>• एकीकृत बस्ती विकास योजना तयार भएको छैन् ।<br>• भवन निर्माणको इजाजत १३ वटाको लागि दिएकोमा ३ वटा मात्र निर्माण सम्पन्न प्रमाण पत्र जारी गरेको । | • नक्सा पास कार्यविधि नभएको<br>• सार्वजनिक नीजि साझेदारी नीति तयार नभएको<br>• भवन निर्माण मापदण्ड अन्तर्गत EBPS लागु नभएको<br>• बस्ती विकास कार्यविधि | • सार्वजनिक नीजि साझेदारी नीतिको तयारी<br>• भवन निर्माण मापदण्ड अन्तर्गत EBPS को कार्यान्वयन | संस्थागत<br><br>संस्थागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यान्वयन र नियमन<br>४. राष्ट्रिय भवन संहिता बमोजिम अनुगमन र नियमन<br>५. नक्सा पास गर्ने<br>६. वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन | • १०४ घरको अभिलेखिकरण भएको ।<br>• उपाध्यक्षको संयोजकत्वमा अनुगमन हुनेगरेको ।<br>• पालिकाको कार्यालय सम्म मोटरबाटो पुगेको ।<br>• सबै ७ वटा वडा कार्यालयको आफ्नै भवन भएको । | नभएको<br>• घरेलु सौर्य उर्जा प्रणाली अनुदान कार्यविधि नभएको<br>• यातायात तथा सवारी व्यवस्थापन कार्यविधि नभएको | • भवन निर्माणमा नयाँ प्रबिधिको प्रशिक्षण ।<br>• सार्वजनिक खरिद सम्बन्धी प्रशिक्षण । | मानव संशाधन<br><br>मानव संशाधन |
| ग) स्वास्थ्य तथा सामाजिक विकास शाखा | १. गाउँ स्तरीय अस्पतालको स्थापना र संचालन<br>२. स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन<br>३. औषधी पसल सञ्चालन अनुमति तथा नियमन<br>४. परिवार नियोजन, मातृशिशु कल्याण, महिला तथा बालबालिका सम्बन्धी<br>५. सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी<br>६. वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको श्रम शक्तिको लागि वित्तिय साक्षरता र सीपमुलक तालिम संचालन | • सामाजिक सुरक्षा प्रणालीमा आवद्ध लाभग्राहीहरुको तीन पुस्ते विवरण अद्यावधिक गरेको<br>• १५ शैयाको अस्पताल निर्माणाधिन रहेको<br>• ल्याव सहितको एक वटा र अन्य चार वटा स्वास्थ्य चौकी रहेको ।<br>• स्थानीय स्वास्थ्य तथा सरसफाइ ऐन कार्यान्वयनमा रहेको<br>• मदिरा उत्पादन, विक्रि वितरण तथा नियन्त्रण सम्बन्धी ऐनको कार्यान्वयन<br>• सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन कार्यान्वयनमा रहेको ।<br>• आधारभुत स्वास्थ्य सेवा केन्द्र एक ।<br>• महिला स्वास्थ्य स्वयम सेबिका ४७ जना । | • एम्बुलेन्स संचालन सम्बन्धी कार्यविधि नभएको<br>• स्वास्थ्य संस्था दर्ता, नवीकरण, स्तरोन्नति तथा थप सेवासम्बन्धी नीति तथा कार्यविधि नभएको<br>• स्वरोजगार कार्यक्रम संचालन सम्बन्धी कार्यविधि नभएको<br>• अनाथ बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि नभएको<br>• स्वास्थ्य संस्था दर्ता एवं नियमन सम्बन्धी कार्यविधि नभएको<br>• फोहरमैला व्यवस्थापन ऐन नभएको<br>• गैरसरकारी संस्थासँग | • सरसफाई र गुणस्तरीय कार्य सम्बन्धी चेतानमूलक अभिमुखीकरण कार्यक्रम<br>• स्वास्थ्य संस्था दर्ता, नवीकरण, स्तरोन्नतिको कार्यविधि<br>• सेवा थप सम्बन्धी नीति तथा कार्यविधिको तयारी<br>• फोहोर मैला व्यवस्थापन ऐनको तर्जुमा<br>• गैरसरकारी संस्थासँग साझेदारी | मानव संशाधन<br><br>प्रणालीगत<br><br>संस्थागत<br><br>संस्थागत<br><br>प्रणालीगत |

| | | | | | |
|---|---|---|---|---|---|
| | ७. बेरोजगारीको तथ्यांक संकलन गर्ने | • बेरोजगारको संख्या १०६८ जना । | साझेदारी तथा सहकार्य नभएको | तथा सहकार्य सम्बन्धी कार्यविधि | |
| घ) शिक्षा, युवा तथा खेलकूद शाखा | १. बालविकास, आधारभूत शिक्षा, अनौपचारिक शिक्षा, विशेष शिक्षा सम्बन्धी<br>२. गुठी एवं सहकारी विद्यालय<br>३. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सम्बन्धी<br>४. विद्यालयहरुको जग्गा तथा सम्पत्ति व्यवस्थापन एवं अभिलेख<br>५. आधारभूत तहको परिक्षा संचालन<br>६. निःशुल्क शिक्षा तथा छात्रवृत्तिको व्यवस्थापन<br>७. विद्यालयलाई जाने अनुदान तथा बजेटको व्यवस्थापन, अनुगमन | • सामुदायिक विद्यालयको संख्या ३२ वटा मध्ये एउटा नमुना विद्यालय घोषणा गरेको ।<br>• गाउँपालिकामा उच्च शिक्षाको शिक्षण संस्था २ वटा मात्र रहेको<br>• गाउँ शिक्षा समितीको गठन भएको<br>• स्नातक तहसम्मको व्यबस्थापन र मानविकी तर्फ २ वटा कलेजमा कक्षा सञ्चालन<br>• निजी बिधालयको संख्या ७ भएको<br>• उद्यमशिलता सम्बन्धी निम्न अनुसार प्राविधिक शिक्षा तालीम प्रधान गरेको:<br>  • बिद्युत सम्बन्धी – २१ जना<br>  • ग्रील सम्बन्धी – १६ जना<br>  • ब्युटि पार्लर सम्बन्धी – १९ जना<br>  • सिलाई कटाई सम्बन्धी – ५२ जना<br>  • अगुवा कृषक सम्बन्धी – ६५ जना | • सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुलाई प्रदान गरिने अनुदान सम्बन्धी कार्यविधि नभएको<br>• शिक्षा विकास कोष सम्बन्धी व्यवस्था नभएको<br>• पुस्तकालय तथा वाचनालयको स्थापना गरी कार्य संचालन गर्ने<br>• पुस्तकालय तथा वाचनालयको स्थापना नभएको<br>• गाउँपालिकामा बिद्यमान जनशक्तिबाट बिद्यालयहरुको अनुगमन गर्न कठिन भएको<br>• पालिकामा कृषि, पशु, होटल व्यबस्थापन तथा इन्जिनियरिङ्ग बिषयको शिक्षणको आबस्यकता | –अनुदान परिचालन सम्बन्धी कार्यविधिको तयारी<br>–नमुना विद्यालयको अनुगमनसम्बन्धी क्षमता विकास<br>– अतिरिक्त शैक्षिक कियाकलापको संचालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम<br>–प्रविधिक बिषयक शिक्षणसम्बन्धी अभिमुखीकरण कार्यक्रम<br>–प्रधानाध्यापक हरुका लागि नेतृत्व विकास, सार्वजनिक खरिद एवम् लेखापालन सम्बन्धी प्रशिक्षण<br>–विद्यालयका कर्मचारीहरुका लागि | प्रणालीगत<br>मानव संशाधन<br>मानव संशाधन<br>मानव संशाधन<br>मानव संशाधन |

| | | | | | |
|---|---|---|---|---|---|
| | एवं नियमन<br>८. अतिरिक्त शैक्षिक क्रियाकलाप | | • सामुदायिक बिद्यालयमा ५५ जना शिक्षक दरबन्दी नपुगेको | सार्वजनिक खरिद एवम् लेखापालन सम्बन्धी सीपमूलक तालीम | मानव संशाधन |
| ङ) आर्थिक प्रशासन शाखा | १. आय व्ययको सार्वजनिकीकरण गर्ने<br>२. अन्तिम लेखा परीक्षणको प्रतिवेदन<br>३. एकिकृत आर्थिक बिवरणको तयारी | • मासिक रुपमा आय व्ययको सार्वजनिकीकरण गर्ने गरेको<br>• एकीकृत सम्पत्ति विवरणको लागि सफ्टवेयर तयार भएको<br>• मासिक प्रतिवेदन तथा सूचनाहरु वेभसाइट मार्फत सार्वजनिक गर्ने गरेको । | • बेरुजु फछ्र्यौट सन्तोषजनक नभएको<br>• आर्थिक बिबरणको तयारीमा NPSAS को प्रयोग नगरेको<br>• आर्थिक प्रशासनको अभिलेखको बलबुझारथ बाँकी रहेको । | • बेरुजु फछ्र्यौट कार्य योजना तथा तालिकाबद्ध कार्यको तर्जुमा<br>• लेखा समिति कार्य सञ्चालन नियमावलीको तर्जुमा | प्रणालीगत<br>प्रणालीगत |
| च) कृषि/ पुश विकाश शाखा | १. कृषि सेवा सम्बन्धी<br>२. पशु सेवा सम्बन्धी<br>३. बीउ बिजन, मलखाद, रसायन तथा औषधीको आपूर्ति र नियमन<br>४. कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण<br>५. प्रांगारिक खेती तथा मलको प्रबर्द्धन एवं प्रचारप्रसार | • भवन निर्माण मापदण्ड भएको<br>• औद्योगिक ग्राम निर्माणाधीन रहेको<br>• उद्यम विकास समिति एक वटा गठन भएको<br>• टोल विकास संस्था संचालन कार्यविधि, २०७४ लागु भएको<br>• पशुपन्छी तर्फ आयआर्जनका लागी कुखुरा पालन संचालनमा आएको छ । | • कृषि कार्यक्रम संचालन तथा अनुदान सम्बन्धी कार्यविधि नभएको<br>• पशु स्वास्थ्य संचालन कार्यविधि नभएको<br>• बीउ बिजन, मलखाद, रसायन तथा औषधी र नियमन सम्बन्धी कार्यविधि नभएको | • प्रांगारिक खेती तथा<br>• बीउ बिजन, मलखाद तथा औषधीसम्बन्धी नियमन कार्यविधिको तर्जुमा<br>• पसु विकास तथा व्यबस्थापन सम्बन्धी पुनर्ताजगी प्रशिक्षण | मानव संशाधन<br>प्रणालीगत<br>मानव संशाधन |
| छ) आन्तरिक लेखा परीक्षण ईकाई | १. अन्तिम लेखा परीक्षणको लागि गाउँपीलकाको आलेप शाखाले लेखा | • आन्तरिक लेखा परीक्षणको लागि छुट्टै कर्मचारी व्यवस्था भएको | • आन्तरिक लेखा परीक्षण दिग्दर्शन नभएको | • आन्तरिक लेखा परीक्षण दिग्दर्शनको तयारी | प्रणालीगत |

| | | | | | |
|---|---|---|---|---|---|
| | श्रेस्तालाई दुरुस्त तथा तयारी हालतमा राख्न लगाउने | | | • आन्तरिक लेखापरीक्षण सम्बन्धित कर्मचारीहरुको पेशागत विकास कार्यक्रम | मानव संशाधन |
| | **अन्य कार्य** | | | | |
| **स्थानीय अभिलेख व्यवस्थापन** | • सूचना तथा अभिलेख केन्द्रको संचालन<br>• व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइसराइ दर्ता र पारिवारिक लगत) को अभिलेख तथा पञ्जिकरण व्यवस्थापन<br>• O & M सर्भे गरी संगठन संरचना दरबन्दी निर्धारण | • स्थानीय अभिलेखको लागि नीति र मापदण्डको तर्जुमा गरी सूचना केन्द्र नभएको<br>• सार्वजनिक सम्पत्तिको ढाँचागत अभिलेख नभएको<br>• सार्वजनिक सुनुवाइ ४ पटक सम्म वडा तहमा समेत गरी । | • स्थानीय अभिलेखको लागि नीति र मापदण्ड नभएको<br>• नवीनतम प्रविधिको आधारमा सम्पन्न योजना तथा सार्वजनिक सम्पत्तिको ढाँचागत रुपमा अभिलेख<br>• O & M सर्भे नभएको | स्थानीय अभिलेखको लागि नीति र मापदण्डको तर्जुमा<br>–O & M सर्भे सम्बन्धी प्रशिक्षण कार्यक्रम<br>–स्थानीय सेवा व्यवस्थापन सम्बन्धी नीति, सेवा शर्तको तर्जुमा | प्रणालीगत<br>मानव संशाधन<br>संस्थागत |
| **बेरोजगारको तथ्यांक संकलन** | • बेरोजगार, श्रमिक, दक्ष जनशक्तिको तथ्यांक संकलन र रोजगार सूचना केन्द्रको संचालन<br>• वैदेशिक रोजगारका लागि सूचना, वित्तिय साक्षरता, सीपमुलक | –पालिका भित्र बेरोजगारको तथ्याङ्क संकलन गरी १०६८ जना बेरोजगार भएको<br>–सुलभ ऋण उपलब्ध कार्यक्रम संचालन गरी २०० युवा लाई सोरोजगार बनाउने अभियान सुरु ।<br>–पालिकाका सबै वडामा ईन्टरनेटको पहुँच | • बेरोजगार, श्रमिक, दक्ष जनशक्तिको तथ्यांक संकलनका साथै रोजगार सूचना केन्द्रको संचालन नभएको<br>• वैदेशिक रोजगारका लागि सूचना, वित्तीय साक्षरता, | • बेरोजगार, श्रमिक आदिको तथ्यांक संकलनका साथै रोजगार सूचना केन्द्रको संचालन<br>• रोजगारीबाट फर्किएकाको ज्ञान, | संस्थागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | तालिमको संचालन | पुगेको । | सीपमुलक तालिमको संचालन नभएको<br>• रोजगारीबाट फर्किएकाको ज्ञान, सीप र उद्यमशिलताको उपयोगगर्ने कार्यविधि नभएको | सीप र उद्यमशिलता को उपयोग सम्बन्धी कार्यविधि | प्रणालीगत |
| **जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन** | • जेष्ठ नागरिकलगायतका लागि सेवा र आश्रय केन्द्रको संचालन र व्यवस्थापन गर्ने<br>• अनाथ, असहाय लगायतका लागि पुनस्थापना केन्द्र संचालन र व्यवस्थापन गर्ने | प्रधानमन्त्री रोजगार कार्यक्रममा आर्थिक उत्पादन र उपयोगिता बढाउने कार्यमा रोजगारी दिएको | • सडकबालबालिका लगायतका लागि पुनस्थापना केन्द्र संचालन नभएको<br>• जेष्ठ नागरिकलगायतको लागि आश्रय केन्द्र स्थापना गरी व्यवस्थापन नभएको<br>• जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि नभएको | • जेष्ठ नागरिक लगायतको लागि आश्रय केन्द्रको स्थापना<br>• जेष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धी कार्यविधि | संस्थागत<br><br>प्रणालीगत |
| **सहकारी संस्था** | • सहकारी संस्थाको नीति, कानुन, मापदण्ड एवं नियमन<br>• स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि गराउने | • सहकारी संस्था संचालन र प्रबर्द्धन गर्न २०७४ सालमा ऐन बनेको<br>• सहकारी संस्था सम्बन्धी काम गर्न कर्मचारीको व्यवस्था भएको | • सहकारी संस्थाको अभिलेखन, प्रतिवेदन तथा अनुगमनको स्पष्ट व्यवस्था नभएको | • सहकारी संचालन कार्यविधिको तयारी<br>• सहकारी संस्थाको अनुगमन तथा नियमनका लागि सीपमूलक प्रशिक्षण | प्रणालीगत<br><br>मानव संशाधन |

## २. संस्थागत विश्लेषण

### २.१. संस्थागत क्षमता स्वमूल्यांकनको आधारमा

| स्वमूल्यांकनका विषय क्षेत्र र प्रमुख सूचक | पुर्णांक | प्राप्तांक | स्वमूल्यांकनमा कमजोर देखिएको सूचकका आधारमा देखिएको अन्तराल (Gap) | क्षमता विकासका लागि प्रस्तावित कार्यक्रम | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| **१. शासकीय प्रबन्ध** | **९** | **५.७५** | | | |
| १.१.१. सभाको संचालन प्रकृया | १ | १ | अन्तराल नदेखिएको | | |
| १.१.२. कार्यपालिकाको निर्णय प्रकृया | १ | ०.७५ | कार्यपालिकाको निर्णय प्रकृया खुला रुपमा छलफल भई निर्णयहरु सर्वसम्मत हुन नसकेको | बैठकमा प्रस्तुत  एजेण्डा निर्माण र निर्णय पुस्तिका तयारसम्बन्धी सीपमुलक प्रशिक्षण | मानव संशाधन |
| १.१.३. सभा/कार्यपालिकाकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकीकरण | १ | ० | कार्यपालिकाले बनाएका सबै स्थानीय कानुन एवं निर्णयहरुको स्थानीय राजपत्रमा प्रकाशित हुने नगरेको र त्यस्ता निर्णयहरु वेभसाइट, सुचना पाटी र अन्य संचार माध्यम मार्फत सार्वजनिक गर्ने नगरेको | सभा तथा पालिकाका निर्णय सार्वजनिकीकरण सम्बन्धमा गोष्ठी | मानव संशाधन |
| १.२.१. सभा र कार्यपालिकाका समिति/उपसमिति संचालन सम्बन्धी कार्यविधि | १ | १ | अन्तराल नदेखिएको | | |
| १.२.२. कार्यपालिकाको बैठक संचालन ( बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्य सूची उपलब्ध गराउने, गणपुरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदी) | १ | ०.५ | कार्यपालिकाको बैठकको कार्यविधि पुर्व निर्धारित विधि जस्तैः गणपुरक संख्या, हस्ताक्षर, असहमति आदी देखिने गरी कार्यविधि अपनाएको नपाइएको | क्र.सं. १.१.२ मा उल्लेखित प्रशिक्षणमा समावेश हुने | मानव संशाधन |
| १.२.३. आन्तरिक नियन्त्रण प्रणाली | १ | ० | आन्तरिक नियन्त्रण प्रणालीका कार्यविधि तयार | आन्तरिक नियन्त्रण कार्यविधिको | मानव संशाधन |

| स्वमूल्यांकनका विषय क्षेत्र र प्रमुख सूचक | पुर्णांक | प्राप्तांक | स्वमूल्यांकनमा कमजोर देखिएको सूचकका आधारमा देखिएको अन्तराल (Gap) | क्षमता विकासका लागि प्रस्तावित कार्यक्रम | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| | | | नभएको | तयारी | |
| १.२.४ स्थानीय तहका पदाधिकारीहरुको सम्पत्ति विवरण | १ | १ | अन्तराल नदेखिएको | | |
| १.३.१ मूल्याङ्कन अवधिमा बसेको कार्यपालिकाको बैठक संख्या | १ | ०.५ | महिनामा कम्तीमा १ पटक बैठक बसी पुर्व निर्णयहरुको कार्यान्वयन अवस्था बारेमा समीक्षा गर्ने नगरिएको | पूर्व निर्णयको कार्यान्वयन सम्बन्धमा समीक्षा गोष्ठी | मानव संशाधन |
| १.३.२ लेखा प्रणालीमा SUTRA को प्रयोग | १ | १ | अन्तराल नदेखिएको | | |
| **२. संगठन तथा प्रशासन** | **८** | **४** | | | |
| २.१.१ गाउँ/नगरपालिकाको क्षमता विकास | १ | १ | अन्तराल नदेखिएको | | |
| २.१.२ प्रतिवेदन तथा विवरण प्रेषण | १ | १ | अन्तराल नदेखिएको | | |
| २.२.१ विषयगत विभाग/महाशाखा शाखा/उपशाखा/एकाइहरु एवं जनशक्तिको काम, कर्त्यव्य, अधिकार र जिम्मेवारीको कार्यविवण | १ | ० | कार्यपालिकाको सबै जनशक्तिको कार्यविवरण तयार नभएको र त्यस्ता विवरणहरु वेभसाइटमा पनि नराखिएको | -जनशक्तिको कार्यविवरण तयारी र वितरण<br>-कार्य बिबरणमुताविक कार्य सम्पादन गर्ने सचेतना कार्यक्रम | संस्थागत<br>मानव संशाधन |
| २.२.२. स्थायी पदपूर्ति नगर्ने भनिएका पदहरुमा करारबाट मात्र पदपूर्ति | १ | १ | अन्तराल नदेखिएको | | |
| २.२.३. कर्मचारीहरुको कार्यसम्पादन सम्झौता | १ | ० | नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच कार्य सम्पादन सम्झौता नभएको | कार्य सम्पादन सम्झौताको तयारी | प्रणालीगत |
| २.३.१. जनशक्ति क्षमता विकासमा लगानी | १ | ० | जनशक्ति क्षमता विकासमा लगानी सम्बन्धमा कुल चालु खर्चमा १.५ प्रतिशतभन्दा बढी हुन | जनशक्ति क्षमता विकासमा लगानी वृदिसम्बन्धी विशेषज्ञसमेतको | मानव संशाधन |

| स्वमूल्यांकनका विषय क्षेत्र र प्रमुख सूचक | पुर्णांक | प्राप्तांक | स्वमूल्यांकनमा कमजोर देखिएको सूचकका आधारमा देखिएको अन्तराल (Gap) | क्षमता विकासका लागि प्रस्तावित कार्यक्रम | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| | | | नसकेको | उपस्थितीमा अभिमुखीकरण कार्यक्रम | |
| २.३.२ प्रमुख प्र्शासकीय अधिकृतको उपस्थिति दिन | १ | १ | अन्तराल नदेखिएको | | |
| २.३.३. क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता | १ | ० | क्षमता विकास कार्यक्रम नभएको र कुल पदाधिकारी तथा कर्मचारीहरुमध्ये ६० प्रतिशतभन्दा कमले क्षमता विकास कार्यक्रममा सहभागिता दिएको | क्षमता विकास कार्यक्रमको आवश्यकता पहिचान गरी कार्ययोजनाको तयारी | प्रणालीगत |
| **३. वार्षिक बजेट तथा योजना व्यवस्थापन** | **११** | **३.५** | | | |
| ३.१.१. वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना तर्जुमा | १ | ० | एकीकृत भूउपयोग योजना, यातायात गुरुयोजना, वातावरण व्यवस्थापन योजना समेत समावेश भएको GIS मा आधारित क्षेत्रगत योजना (Spatial Plan) मा आधारित आवधिक विकास योजना नबनेको साथै मध्यमकालिन खर्च संरचना सहितको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा नभएको | आवधिक योजना, बजेट तर्जुमा र मध्यमकालिन खर्च संरचना सम्बन्धी प्रशिक्षण | मानव संशाधन |
| ३.१.२. बजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा सम्वद्ध समिति र समन्वय | १ | १ | अन्तराल नदेखिएको | | |
| ३.२.१. दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण | १ | ० | दिगो विकासका लक्ष्यहरु स्थानीयकरण गर्न नीति तथा कार्ययोजना नभएको तथा वार्षिक | स्थानीयकरण सम्बन्धी नीति, कार्ययोजना तयारी र सो अनुरुप | मानव संशाधन |

| स्वमूल्यांकनका विषय क्षेत्र र प्रमुख सूचक | पुर्णांक | प्राप्तांक | स्वमूल्यांकनमा कमजोर देखिएको सूचकका आधारमा देखिएको अन्तराल (Gap) | क्षमता विकासका लागि प्रस्तावित कार्यक्रम | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| | | | योजनामा समावेश नभएको | प्रशिक्षण | |
